# चिङ्गाड गाउँपालिका

**अवलचिङ्ग,सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ८** **संख्याः ५**

**प्रमाणीकरण मितिः २०८१।०७।२०**
**राजपत्रमा प्रकाशित मितिः २०८१।०७।२०**

# अध्यक्षसँग कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

# अध्यक्षसँग कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावनाः** चिङ्गाड गाउँपालिका अन्तर्गत कृषि व्यवसायलाई प्रतिस्पर्धी बनाई उत्पादनमा अभिवृद्धि गरी कृषि उपजको आन्तरिक माग पूर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि कृषि पूर्वाधार, विउविजन, सिंचाई, ढुवानी, कृषि उपज संकलन र बजार विकास गर्दै कृषकलाई एकिकृत रुपमा सेवा प्रदान गर्नका लागि चिङ्गाड गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार कृषक, कृषक समुह, समिति र सहकारीको सहकार्यमा स्थानीय तहमा अध्यक्षसँग कृषि कार्यक्रम संचालनलाई पारदर्शी जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले संचालन गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **अध्यक्षसँग कृषि कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१** रहेको छ।

२) यो कार्यविधि चिङ्गाड गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) कार्यक्रमः भन्नाले **अध्यक्षसँग कृषि कार्यक्रम** संचालन सम्झनु पर्दछ ।

(ख) कार्यक्रम निर्देशक समिति भन्नाले दफा ६ बमोजिम गठित समिति

सम्झनु पर्दछ ।

(ग) कृषि व्यवसाय भन्नाले विभिन्न कृषि बाली वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्य सम्झनु पर्दछ ।

(घ) स्थानीय तह भन्नाले चिङ्गाड गा.पा. सम्झनु पर्दछ ।

(च) सम्बन्धित निकाय भन्नाले चिङ्गाड गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(छ) समुह समिति भन्नाले दफा ४ बमोजिम गठित समुह समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२
## कार्यक्रमको कार्यक्षेत्र तथा व्यवसाय छनौट

३. अध्यक्षसँग कृषि कार्यक्रम छनौट मापदण्डः अध्यक्षसँग कृषि कार्यक्रम छनौट गर्दा, देहाय बमोजिमको मापदण्ड अवलम्बन गर्नु पर्नेछ ।

(क) कार्यक्रम दोहोरो नपरेको समुह तथा कृषि उद्यमी हुनुपर्नेछ ।

(ख) कृषि कार्यक्रम सञ्चालन गर्न कम्तिमा ७ भन्दा बढी घरधुरी र अनुसूची १ मा उल्लेख गरिए बमोजिम जग्गा प्रमाणित हुने कागजात र कर तिरेको रसिद हुनुपर्नेछ । ऐलानी जग्गाको हकमा गाउँपालिकालाई कर तिरेको प्रमाण पेश गर्नु पर्ने छ ।

(ग) वडा समितिको सिफारिस पत्र पेश गर्नु पर्ने छ ।

(घ) समुहको रित पुगेको निवेदन सहित अनुसुचि २ बमोजिमको प्रस्ताव पत्र पेश गर्नु पर्ने छ ।

(च) व्यवसायीक रुपमा कृषि व्यवसाय सुरुवात गरेको व्यक्ति वा समुहलाई वढी प्राथमिकता दिइनेछ ।

४. **समुह समितिः** (१) यस कार्यविधि बमोजिम छनौट भएको अध्यक्षसँग कृषि कार्यक्रम संचालन तथा सहजिकरण गर्नका लागी बढीमा ७ सदस्यीय समुह समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समुह समितिमा कृषक, कृषक समुह तथा सहकारी संस्था, कृषक उद्यमी हरुबाट समानुपातिक प्रतिनिधित्वका आधारमा छानिएका व्यक्तिहरु मध्ये १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना कोषाध्यक्ष र ३ जना सदस्य रहनेछन ।

(३) यस दफा बमोजिम गठित समितिलाई चिङ्गाड गाउँपालिका अन्तर्गत रहेको कृषि शाखामा दर्ता गनुपर्नेछ ।

(४) समितिको बैठक अध्यक्षको निर्देशनमा मिति, समय र स्थान तोकी सचिवले वैठक बोलाउनु पर्नेछ ।

(५) बहुमत सदस्यको उपस्थितिलाई बैठकको गणपुरक मानिनेछ ।

(६) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ आमन्त्रण गर्न सक्नेछन ।

(७) समितिको बैठक मासिक रुपमा अनिवार्य र आवश्यकतानुसार अन्य समयमा बैठक बस्नेछन ।

**५. समुह समितिको काम कर्तव्य र अधिकारः** दफा ५ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क), कार्यक्रम संचालन गर्नका लागि कृषक परिवारहरुको पहिचान तथा तथ्याङ्क संकलन गर्न कृषि शाखालाई सहयोग गर्ने ।

(ख) कार्यक्रम संचालन गर्नका लागि आवश्यक उत्पादन सामाग्री र सोको परिमाणको आंकलन गर्ने।

(ग) उत्पादन योजना तथा इष्टिमेट तयार गरी सम्बन्धित कृषि शाखामा पेश गर्ने ।

(घ) कार्यक्रम संचालन गर्नका लागि कृषकहरुका तर्फ बाट हुनुपर्ने लगानीको सुनिश्चितता गर्ने ।

(ङ) कार्यक्रम स्थलमा निर्माण हुने पूर्वधार विकास सम्बन्धि कार्यका लागि कृषि शाखा संग समन्वय गर्ने र, (च) कार्यक्रम संचालनका लागि कृषि शाखाले माग गरेको अन्य सहयोग तथा सरोकारवाला निकाय सँग समन्वय गर्ने ।

(छ) दफा १२ बमोजिमका उपकरण तथा भौतिक पूर्वाधारहरुको लगत राख्ने संरक्षण तथा सम्बर्धन गर्ने दायित्व समुह समितिको हुनेछ ।

**६.कार्यक्रम निर्देशक तथा छनौट समितिः** (१) कार्यक्रममा समुहको छनौट तथा प्रभावकारी कार्यन्वयनका लागि देहाय बमोजिमको कार्यक्रम निर्देशक तथा छनौट समिति गठन गरिनेछ ।

क) गाउँपालिका अध्यक्षः संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृतः सदस्य

(ग) अध्यक्षले तोकेको गाउँ सभा सदस्य २ जनाः सदस्य (महिला-१, पुरुष-१)

(ध) समितिले मनोनित गरेको व्यवसायीक कृपक मध्ये २ जनाः सदस्य (महिला-१, पुरुष-१)

(ङ) कृषि शाखा प्रमुखः सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।

(क) चिङ्गाड गाउँपालिका कृषि शाखामा दफा ३ बमोजिम पर्न अएका निवेदनहरुको मुल्याङ्कन गरी सर्वोत्कृष्ठ समुहलाई कार्यक्रमको लागी छनौट गर्ने छ ।

(ख) संचालित कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन मुल्याङ्कन गर्ने वा गराउने ।

(ग) कृषि शाखा तथा कार्यक्रम सञ्चालक निकाय बाट प्राप्त प्रतिवेदन अध्ययन गरी संचालित कार्यक्रमको प्रगति समिक्षा गर्ने र निर्देशन दिने ।

(घ) उत्कृष्ट कार्य सम्पादन गर्ने कृषक, कृषक समुह, सहकारी इत्यादी लाई पुरस्कृत गर्ने ।

(ङ) तोकिएको प्रगति लक्ष्य सुचकांक नपुर्‍याउने कृषक, कृषक समुह, सहकारी इत्यादीलाई कार्यक्रमबाट निष्कासन गर्न निर्देशन दिने ।

(च) संचालित कार्यक्रमको सम्बन्धमा प्राप्त भएका गुनासो व्यवस्थापन गर्ने ।

(३) उपदफा १ (ग) बमोजिम मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ ।

(क) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले मिति, समय, र स्थान तोकी बोलाउनु पर्ने छ।

(ख) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

(ग) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(घ) समितिले आवश्यकता अनुसार विषय विशेषयज्ञ वा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्नसक्नेछ।

(ङ) समितिको बैठक सम्बन्धि अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

च) समितिको बैठक हरेक चौमासिकमा एक पटक र आवश्यकता अनुसार बस्नेछ ।

**७. लागत इष्टिमेट तथा सम्झौताः**

(१) दफा ६ बमोजिमको समितिले छनौट गरेका समुहको प्रस्तावलाई आवश्यक कागजात सहित सम्झौता चिङ्गाड गाउँपालिका कृषि शाखाले ७ दिनको अवधि तोकी सुचना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकियको म्याद भित्र आएका समुह संग अनुसुचि ३ बमोजिम ढाँचामा प्रचलित कानुन अनुसार सम्झौता गर्नुपर्नेछ ।

## परिच्छेद-३
## अध्यक्ष सँग कृषि कार्यक्रममा सञ्चालन गरिने क्रियाकलापहरु

**८.क्षमता विकास कार्यक्रमः** (१) सम्बन्धित कृषि शाखाले समुह समितिको मागमा,कार्यक्रम क्षेत्र भित्रका कृषक, कृषक समुह, कृषि सहकारी संस्था, कृषि उद्यमि लगायत अन्य सरोकावालाको उपस्थितीमा कार्यक्रम संचालन सम्बन्धमा अभिमुखिकरण कार्यक्रम संचालन गर्नेछ ।

(२) कृषि शाखाले अध्यक्ष सँग कृषि कार्यक्रम संचालन स्थलमा सम्बन्धित बाली, बस्तु उत्पादन प्रविधि, बजारिकरण, मूल्य श्रृंखला विकास लगायत विविध पक्षहरु समेटिने गरि स्थलगत तालिम कार्यक्रम संचालन गर्नेछ ।

**९. एकीकृत घुम्ती प्रयोगशाला सेवा संचालन**: कृषि शाखाले समुह समितिको माग अनुसार कार्यक्रम संचालन स्थलमा एकिकृत माटो, बीउ, बाली संरक्षण सेवा आदि उपलब्ध गराउन स्थलगत एकिकृत घुम्ती प्रयोगशाला सेवा संचालनमा ल्याउनेछ ।

**१०. उत्पादन समाग्री सहयोगः** (१) नमुना कार्यक्रम संचालन स्थलमा आवश्यक उत्पादन सामाग्री जस्तै बिउ, वेर्ना, विषदी, सुक्ष्म खाद्य तत्व, नर्सरी संरचना ग्रिन हाउस, नेट हाउस आदिमा ५० देखि १०० प्रतिशत सम्म अनुदान प्रदान गरिनेछ ।

**११. कृषि यान्त्रीकरण सहयोगः** (१) सम्बन्धित नमुना कार्यक्रम संचालन स्थलमा तोकीएको बालीमा यान्त्रीकरण प्रबर्धनका लागि उक्त बाली, वस्तु उत्पादन देखि भण्डारणसम्म आवश्यक पर्ने सबै प्रकारका मेशिन औजार उपकरणको सेट खरिदमा ५० देखि १०० प्रतिशत पुँजिगत अनुदान उपलब्ध गराउन सकिनेछ ।

**१२. प्रशोधन तथा बजारीकरण पुर्वाधार स्थापना सहयोगः**

(१) सम्बन्धित उत्पादन स्थलमा उत्पादन भएको कृषि वस्तुलाई बजारिकरणका लागि तयार गर्ने, भण्डारण गर्ने, उत्पादन उपरान्तको क्षति न्युनिकरण गर्ने, प्याकेजिङ्ग र ढुवानी गर्नका लागि आवश्यक संकलन केन्द्र, प्रसोधन केन्द्र, गोदाम घर, ग्रेडींग उपकरण लगाएतका उत्पादन उपरान्त आवश्यक पूर्वाधारहरुमा ५० देखि १०० प्रतिशत पुँजिगत अनुदान उपलब्ध गराईन्छ ।

**१३.साना सिंचाई निमार्ण तथा मर्मत सम्भार सहयोगः** (१) नमुना कृषि गाँउमा सिंचाई सुविधा विस्तार, निमार्ण तथा मर्मत सुधारका लागि साना सिंचाई कार्यक्रम संचालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम साना सिंचाई कार्यक्रम संचालन गर्दा प्राविधिक इष्टिमेटका आधारमा ५० देखि १०० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

**१४. अध्ययन, भ्रमण तथा अवलोकन कार्यक्रमः** (१) नयाँ प्रविधि, खेती प्रणाली, उच्च प्रविधि सम्बन्धि सिकाईका लागि यस गाउँपालिकाका पदाधिकारी, कर्मचारी एवं किसानहरुले त्यस्तो ठाउँ बिशेषको भ्रमण गरी अध्ययन अवलोकन गर्नसक्ने छन् ।

**१५. विद्यालय, उद्यमी समुह, आमा समुह, टोल विकास समिति तथा स्थानीय क्लब सँग सहकार्य एवं समन्वय कृषि कार्यक्रमः**

विद्यालयका विद्यार्थीहरूलाई कृषिमा आकर्षण र रुचि बढाउन चिंगाड गाउँपालिकाको कृषि शाखाको समन्वयमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ। यस अन्तर्गत विद्यालय बगैंचा (School Garden) कार्यक्रमको सुरुवात गरी विद्यार्थीहरूलाई कृषि कार्यमा संलग्न गराउने, बीउ उत्पादन र रोपाइँ प्रक्रियामा सहभागी गराउने, र स्थानीय स्तरमा उपलब्ध कृषिसम्बन्धी स्रोत-साधनको उपयोगबारे ज्ञान प्रदान गर्न सकिनेछ। विधार्थीहरु आ-आफ्ना धर धरमा समेत गाउँपालिकाको प्राविधिकको निगरानीमा विरुवा उमारी विक्री वितरण गर्न सक्नेछन्।त्यस्तै, विद्यार्थीहरूका लागि कृषि विज्ञान परियोजना (Agriculture Science Projects) सञ्चालन गर्न सकिनेछ, जसले उनीहरूलाई व्यावहारिक कृषि अनुभव प्रदान गर्नेछ। जैविक मल

उत्पादन (Composting) तालिम, कीरा व्यवस्थापन (Pest Management) सम्बन्धी तालिम, र स्थानीय कृषिजन्य उत्पादनको प्रशोधनबारे जानकारी दिने कक्षा पनि सञ्चालन गर्न सकिनेछ ।

विद्यार्थीहरूलाई कृषि मेलामा सहभागी गराई, उनीहरूको सिर्जनात्मकता र कृषिसम्बन्धी रुचिलाई प्रोत्साहन गर्न सकिनेछ । विद्यालय स्तरमा "कृषि ज्ञान प्रतियोगिता" आयोजना गरेर कृषि क्षेत्रको महत्वबारे सचेतना जगाउन सकिनेछ । साथै, विद्यार्थीहरूले आफ्ना घरमा पनि साना बगैंचा स्थापना गर्ने अभ्यास गर्न सकुन् भनी "मेरा घरको बगैंचा" कार्यक्रमको सुरुवात गर्न सकिनेछ ।
यो कार्यक्रमका अन्तर्गत गा.पा. अध्यक्षको नेतृत्वमा उद्यमी समूह, आमा समूह, टोल विकास समिति, स्थानीय क्लब, विद्यालयका विद्यार्थी, र रोजगार शाखासँग सहकार्य गरी विभिन्न कृषिसम्बन्धी गतिविधिहरू सञ्चालन गर्न सकिनेछ। उदाहरणका लागि, उद्यमी समूहसँग सहकार्य गरेर व्यावसायिक कृषि उद्यमको प्रवर्द्धन, नयाँ प्रविधिको प्रयोग, र उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गर्न सकिनेछ। आमा समूहलाई समावेश गरी पोषण र गृह बगैंचा कार्यक्रम, कृषि ज्ञान आदानप्रदान, र लघु उद्यम तालिम सञ्चालन गर्न सकिनेछ। टोल विकास समिति र स्थानीय क्लबको सहकार्यमा स्थानीय स्रोत-साधनको पहिचान र उपयोग गर्दै सामुदायिक बगैंचा स्थापना तथा कृषि पर्यटन प्रवर्द्धनमा काम गर्न सकिनेछ। विद्यालयका विद्यार्थीलाई कृषिप्रति आकर्षण बढाउन स्कुल बगैंचा कार्यक्रम, कृषिसम्बन्धी विज्ञान परियोजनाहरू, र

कृषि शिक्षा कक्षा आयोजना गर्न सकिनेछ। रोजगार शाखासँग समन्वय गरी स्वरोजगार कार्यक्रम सञ्चालन, प्राविधिक तालिम प्रदान गर्ने, र कृषि क्षेत्रमै रोजगारी सिर्जना गर्ने योजना लागू गर्न सकिनेछ। यस प्रकारका क्रियाकलापले स्थानीय कृषक, उद्यमी, र समुदायलाई समृद्ध बनाउन ठोस योगदान दिन सक्नेछ ।

## परिच्छेद-४

## कार्यक्रमको अनुगमन, मुल्यांकन तथा प्रतिवेदन

**१४.** (१) अध्यक्ष सँग कृषि कार्यक्रमको अनुगमन गर्ने मुख्य जिम्मेवारी दफा ६बमोजिमको समितिलाई हुनेछ।

(२) संचालित कार्यक्रम समितिले जुनसुकै बेलामा अनुगमन, निरिक्षण तथा निर्देशन गर्न सक्नेछ ।

(३) उपदफा १ र २ बमोजिम अनुगमन तथा निरिक्षण गरेको प्रतिवेदन कार्यपालिकामा बुझाउनु पर्नेछ ।

(४) कार्यविधि बमोजिम संचालित कार्यक्रमको सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरिय काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा समितिले जाँचबुझ गर्नु पर्नेछ । सो सम्बन्धी आवश्यक परेमा सम्बन्धीत विषय विज्ञ सहितको टोली गठन गरी जाँचबुझ गराउन सक्नेछ ।

(५) संचालित कार्यक्रमको गाउँपालिकाको कार्यालयबाट सोझै अनुगमन तथा निर्देशन गर्न सक्नेछ ।

**१५. सार्वजनिक परिक्षणः** (१) समितिले सम्झौता बमोजिमको कार्यसम्पन्न गरिसके पश्चात कार्यक्रमको देहाय विधि प्रयोग गरि सार्वजनिक परिक्षण गर्नुपर्नेछ ।

(क) सार्वजनिक वा नागरिक सुनुवाई र

(ख) गाउँपालिकाबाट उपलब्ध स्रोत वाट प्रस्तावनामा लेखिएको उपलब्धि हासिल भए नभएको सर्वेक्षण प्रतिवेदन

(२)सार्वजनिक परिक्षणमा समितिका प्रतिनिधिहरु, सम्बन्धित वडाका जनप्रतिनिधीहरु र आम सरोकारवालाहरुको उपस्थिति हुनु आवश्यक छ ।

**१६. कार्यक्रमको प्राविधिक मुल्याङ्कन जाँचपास र फर फारकः** (१) यस कार्यविधि बमोजिम सम्झौता अनुसारको कार्यसम्पन्न भई दफा १५ बमोजिम सार्वजनिक परिक्षण समेत सम्पन्न भएपछि समितिले संकलन विल भौचर लगायत आवश्यक विवरण कागजात सहित कृषि शाखा समक्ष भुक्तानीका लागि निबेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कृषि शाखाले सम्बन्धित विषयका प्राविधिकहरुको टोली स्थलगत रुपमा खटाई लागत इष्टिमेट बमोजिम कार्य भएनभएको मुल्याङ्कन गरी अनुसुची ४ बमोजिमको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम औंल्याएको प्राविधिक टोलीले दफा १४ बमोजिम अनुगमन तथा निरिक्षणबाट औंल्याएको विषय कार्यन्वयन भए नभएको व्यहोरा समेत कार्य सम्पन्न प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(४) उपदफा २ बमोजिम खटिएको टोलीले पेश गरेको कार्यसम्पन्नको प्रतिवेदन, बिल भर्पाइ र कृषि शाखाले गरेको सिफारीसको आधारमा प्रचलित कानुन बमोजिम चिङ्गाड गाउँपालिकाले कृषक. कृषक समुह, सहकारी इत्यादीको बैंक खाता मार्फत अनुदान रकम भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद-५
## विविध

**१७. प्रगति प्रतिवेदनः** (१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरण सहितको चौमासिक प्रतिवेदन समुह समितिले गाउँपालिकालाई पठाउनु पर्नेछ ।

(२) कृषि शाखाले आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र यस कार्यविधि बमोजिम संचालन भएको कार्यक्रमको गाउँपालिका स्तरमा प्रगति समिक्षा गर्नु पर्नेछ ।

**१८. कार्यक्रम रद्ध गर्न सकिने** (१) कृषक, कृषक समुह, सहकारी इत्यादिको आवश्यकता अनुसार लगातार ३ वर्ष सम्म कार्यक्रम संचालन गर्न सकिनेछ ।

(२) अनुसुची १ बमोजिमको मापदण्ड र प्रगति मुल्याङ्कन सुचकांक आधारमा कम्तीमा ५० प्रतिशत लक्ष्य प्राप्त गर्न नसक्ने गाउँको कार्यक्रम रद्ध गर्न सक्नेछ ।

१९. **पूर्वाधार तथा उपकरणहरु जपत गर्न सकिनेः** अनुदान प्राप्त पूर्वाधार तथा उपकरणहरु निस्क्रिय राखेमा गैर कृषि कार्यमा प्रयोग गरेको पाइएमा वा सम्बन्धित कृषि शाखाको निर्देशन अनुसार अध्यक्ष सँग कृषि कार्यक्रमको उद्देश्य प्राप्तिको लागि प्रयोग नगरेमा गाउँपालिकाले सो पूर्वाधार तथा उपकरणहरु जफत गरी कार्यक्रम क्षेत्रका अन्य कृषक समुह वा सहकारी संस्था वा जल उपभोक्ता समुह वा कृषक उद्यमीलाई प्रदान गर्न सकिनेछ।

२०. **लेखा तथा लेखा परिक्षणः** कार्यक्रम खर्चको लेखा व्यवस्थापन तथा लेखा परिक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

**२१. निर्देशन दिन सक्नेः** यस कार्यविधि बमोजिम संचालित कार्यक्रमको कार्यन्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन कृषि शाखालाई समितिले निर्देशन दिन सक्नेछ ।

**२२.प्रचलित कानुन बमोजिम हुनेः** (१) प्रचलित कानुनको सर्वमान्यतामा प्रतिकुल

नहुने गरी यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यो कार्यविधी कार्यन्वयनमा आउनु भन्दा पहिला भएगरेका कार्यहरु यसै कार्यविधि बमोजीम भए गरेको मानिनेछ ।

**२३.बाधा अड्काउ फुकाउने र संशोधनः** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै दुविधा उत्पत्ति भई कार्यान्वयन गर्न बाधा परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) कार्यपालिकाले यस कार्यविधिमा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

## अनुसुची १

### दफा ४ उपदफा २ संग सम्बन्धीत नमुना कृषि गाउँका अन्य मापदण्डहरु

दफा ४ उपदफा २ संग सम्बन्धीत नमुना कृषि गाउँका अन्य मापदण्डहरु

| क्र.स. | बाली | आवश्यक न्युनतम क्षेत्रफल संख्या |
|---|---|---|
| १ | खाद्यान्न बाली | २० रोपनी |
| २ | तरकारी बाली | १० रोपनी |
| ३ | फलफुल बाली | १० रोपनी |
| ४ | च्याउ | २५० देखि ५०० डल्ला वा ३ टनेल |
| ५ | तेलहन/दलहन बाली | २० रोपनी |

# अनुसूची २
## दफा ९ उपदफा १ संग सम्बन्धीत
## कार्यक्रमको प्रस्ताव पत्र

| | |
|---|---|
| क) कार्यक्रमको समान्य परिचय | |
| आवेदक/समुहको नाम : | |
| ठेगाना : | |
| सम्पर्क व्यक्तिको नाम : | |
| टेलफोन न. : | |
| आवेदकको परिचय, अनुभव तथा संचालन गरिरहेका क्रियाकलापहरु | |
| यस कार्यक्रम अन्तर्गत संचालन गरिने प्रस्तावित क्रियाकलापहरु | |
| कार्यक्रमको जम्मा लागत रु. | |
| अनुदान माग गरेको रकम रु. | |
| कार्यक्रम संचालन गरिने स्थल | जिल्ला :<br>न.पा.:<br>स्थान :<br>वडा न |

| | | | | | |
|---|---|---|---|---|---|
| ख) कार्यक्रमबाट लाभान्वितहरुको विवरण | | | | | |
| लाभान्वितको किसिम | | | | | |
| | | | कुल | पुरुष | महिला |
| कृषक | | | | | |
| ब्यापारी | | | | | |
| ग)कार्यक्रम संचालन पश्चात हुने प्रतिफलहरु | | | | | |
| घ) लागत साझेदारी | | | | | |
| सि.नं. | क्रियाकलापको नाम | इकाई | परिमाण | जम्मा लागत | आफ्नो लगानी |
| | | | | | |
| | | | | | |
| ङ) अनुमानित अत्पादन तथा बिक्रि आम्दानी | | | | | |
| सि.नं. | उत्पादकको नाम | इकाई | परिमाण | दर | जम्मा उत्पादनको बजार मूल्य |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| च) कार्यक्रमको दिगोपन तथा निरन्तरता | | | | | |

# अनुसूची ३

## दफा १० उपदफा २ सँग सम्बन्धित

## लागत साझेदारी तथा सम्झौता पत्रको ढाँचा

चिङ्गाड गाउँपालिका ..............................र .................................बीच अध्यक्ष सँग कृषि कार्यक्रम अन्तर्गत .................................योजना संचालनका लागि भएको सम्झौता पत्र चिङ्गाड गाउँपालिका...............................यस पछि यस लिखितम प्रथम भनिने र .............................यसपछि यस लिखितम दोस्रो पक्ष भनिने बीच आ.व............ को अध्यक्ष सँग कृषि कार्यक्रम अन्तर्गत ........................कार्यक्रम संचालनका लागि अनुदान उपलब्ध गराउने प्रयोजनाको लागि तपसिलका सर्तानामाहरु तथा लागत साझेदारीको अधिनमा रहने गरी द्विपक्षिय सम्झौता गरिएको छ ।

**सर्तानामाहरु**

१) प्रथम पक्षले यस सम्झौता बमोजिमको कार्यक्रम संचालनका लागि जम्मा अनुदान रकम रू...........अक्षरुपि रू.................................मात्र प्रदान गर्नेछ।

२) कार्यक्रमको लागत साझेदारी तथा एसटीमेट

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर | जम्मा रकम रू. | कार्यालयको अनुदान रू. | आवेदकको स्वलगानी रू. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| जम्मा रू. | | | | | | | |

३) दोस्रो पक्षले संचालन गर्ने सम्पूर्ण क्रियाकलाप प्रथम पक्षले प्राविधिक रेखदेख र निर्देशन बमोजिम गर्नु पर्नेछ।

४) दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा कार्यक्रम सम्बन्धि पूर्ण जानकारी झल्किने बोर्ड राखु पर्नेछ ।

५) प्रथम पक्षले जुनसुकै बेलामा पनि कार्यक्रमको अनुगमन निरिक्षण गर्न सक्नेछ । सो क्रममा प्रथम पक्षले माग गरेको जानकारी दोस्रो पक्षले अनिबार्यरुपमा उपलब्ध गराउनु पर्नेछ ।

६) दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य मिति.................. भित्र अनिबार्यरुपले सम्पन्न गरी भुक्तानीका लागि आबश्यक कागजात प्रथम पक्ष समक्ष पेश गर्नुपर्ने छ ।

७) भुक्तानी सम्बन्धमा दोस्रो पक्षले प्रथम पक्षलाई आबश्यक कागजातहरु पेश गरिसके पश्चात प्रथम पक्षले स्थलगत निरिक्षण गरी तयार गरेको कार्य सम्पन्न प्रतिवेदनका आधारमा दोस्रो पक्षले बैंक खाता मार्फत भुक्तानी दिनेछ ।

८) दोस्रो पक्षले अनिवार्य रुपमा कार्यक्रमको सामाजिक परिक्षण गराउनु पर्नेछ ।

९) यस सम्झौतामा उल्लेखित सर्तहरु दुवै पक्षका लागि समान रुपले मान्य तथा बाध्यकारी हुनेछ । दोस्रो पक्षले सम्झौताको सर्तहरु पालना नगरेमा प्रथम पक्ष एकतर्फी रुपमा सम्झौता भंग गर्न बाध्य हुनेछ ।

१०) यस सम्झौतामा रहेका सर्तहरु यसै बमोजिम र नपरेका कुराहरु प्रचलित नियम तथा कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाटः | दोस्रो पक्षको तर्फबाटः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | कार्यालयको छापः |

## अनुसूची ४

## कार्यसम्पन्न प्रतिबेदनको ढाँचा

### दफा २१ उपदफा २ सँग सम्बन्धित गाउँपालिका

### चिङ्गाड गाउँकार्यपालिकाको कार्यालय

कृषि विकास शाखा ...................................... कार्यसम्पन्न प्रतिवेदन

योजनाको नाम ....................

कृषक/ संस्थाको नाम.............

सम्पर्क व्यक्ति/ अध्यक्षको नाम ..........  स्थान ........

खुद बढी भएको रकम रू.........  खुद घटी भएको रकम रू–.......

सम्झौता मिति घटी बढी भएको कारण........  कार्य सम्पन्न हुनुपर्ने मिति........

कार्य सम्पन्न भएको मिति........  एसटीमेट अनुसारको रकम रू–......

खुद कार्य भए बमोजिमको रकम रू. ......

| क्र. सं. | कार्यको विवरण | लागत एसटीमेट | | | खुद काम भएको (स्थलगत नापी अनुसार) | | | फरक | | | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | दर | रकम | परिमाण | दर | रकम | परिमाण | दर | रकम | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| | | | | कार्यालय | | | | | | | | |
| | | | | अनुदान........... %<br>स्वोलगनी........ % | | | | | | | | |

तयार गर्ने  कम गर्ने छाप  जाँच गर्ने  सदर गर्ने

**आज्ञाले,**

**प्रमुख प्रशासकीय अधिकृत**